

# सिमान्तकृत समुदायको सशक्तिकरणमा सामाजिक परिवार

समग्र बुलेटिन



| अंक - १ | भाद्र २०६६ | पेज १ |
|---|---|---|



## समग्र अब तयनितिक साझेदारीमा

गत वर्षसम्म समग्रले विभिन्न दातृ संस्थाहरुसँग छुट्टाछुट्टै परियोजनामा आधारित साझेदारीमा कार्यक्रम गर्दै आएकोमा यस वर्षदेखि सहयोगको प्रभावकारिताको बारेमा पेरिस घोषणापत्रको भावना अनुरुप आफ्नै १५ वर्षे परिकल्पना र पाँच वर्षे विस्तृत तयनितिक तथा कार्यसञ्चालन योजना (Strategic and Operational Plan) तयार गरी त्यसैको आधारमा सबै इच्छुक सहयोगी संस्थाहरुसँग तयनितीक साझेदारी (Strategic Partnership) मा कार्यक्रमहरु गर्ने निर्णय गरी त्यसै अनुरुप अघि बढि सकेको छ । तयनितिक साझेदारको रुपमा सहयोग गर्नको लागि समग्रले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संस्थाहरुसँग विभिन्न चरणमा छलफल गरिसकेको छ र अधिकाँस संस्थाहरु यस प्रति सकारात्मक छन् ।

समग्रको पाँच वर्षे तयनितिक योजना कार्यन्वयनको लागि सहयोग गर्न समग्रसँग डानिडा-हुगो[1] र प्राक्टिकल एक्सनले समझदारी पत्रमा हस्ताक्षर गरिसकेका छन् भने डानिडा-हुगोले समग्रसँग द्विपक्षीय सम्झौता गरी आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराएर सिमान्तकृत समुदायको सशक्तिकरण कार्यक्रमहरु पनि शुरु भइसकेका छन् ।

सिमान्तकृत समुदायको सशक्तिकरणको लागि आफ्नो लामो समयको अनुभवको आधारमा गत केही वर्षदेखि समग्रले दुइ पाटे निति अवलम्बन गर्दै आएको छ । जसमा नागरिक र राजनितिक अधिकारको संरक्षण र प्रबर्द्धनको पाटो र प्रत्यक्ष जीविकोपार्जन र ग्रामीण पूर्वाधार निर्माण गरी आर्थिक, सामाजिक तथा अन्य अधिकारहरुको सुनिश्चित गर्ने अर्को पाटो सँगसँगै कार्यान्वयनमा लगिन्छ जसले गर्दा तीमध्ये एउटाको अभावमा हुनसक्ने द्वन्द्व उत्पन्न हुन वा बढ्न दिदैन र सिमान्तकृत जनताहरुको सशक्तिकरण भई दीगो बिकास र स्वाबलम्बी हुन सक्नेछन् ।

*"दलित, आदिवासी जनजाती, मधेसी तथा अन्य बहिस्कृत / सिमान्तकृत समुदायहरुलाई सशक्तिकरण गर्ने जसले गर्दा तिनीहरुले मानव अधिकारको उपभोग गरिरहेका र शान्तिपूर्ण वातावरणमा आत्मसम्मानका साथ सुध्रिढ जीविकोपार्जन गरिरहेका हुनेछन् ।"* यो समग्रको तयनितिक योजनाको दीर्घकालीन उद्देश्य हो भने यसको लागि निम्न चार वटा अल्पकालीन उद्देश्यहरु तय गरिएका छन्:

- सुशासन तथा प्रजातान्त्रिक अभ्यास सहित मानव अधिकार संरक्षण/प्रवर्द्वन गर्न र दीगो शान्ति स्थापना गर्ने गतिविधिमा लाग्नको लागि सिमान्तकृत समुदायहरुलाई सशक्तिकरण गर्ने ।
- सामुदायिक संगठनहरु (सामाजिक परिवार) लाई सशक्तिकरण गर्ने, जसका कारणले श्रोत-साधन, सेवा र अवसरहरुमा उनीहरुको पहुँच पुगी दीगो जीविकोपार्जनको लागि तिनले ती श्रोत-साधनहरु परिचालन गर्नेछन्।
- स्वावलम्वी क्षमता बिकासको माध्यमवाट सिमान्तकृत समुदायहरुलाई सामाजिक तथा आर्थिक रुपले सशक्त तुल्याउने ।
- ग्रामीण पूर्वाधार/सेवाहरुको गुणस्तर वृद्धि तथा वातावरण संरक्षण गरी जीवनस्तर माथि उकास्ने ।

गाउ-गाउँ र टोल-टोलमा **सामाजिक परिवार** गठन गरेर तिनीहरुलाई आवश्यक **ज्ञान, शीप र जानकारीहरु** प्रदान गरी सशक्त गर्ने र यी सशक्त **सामाजिक परिवार**हरुको परिचालन गरी माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्ने यसको विधि हो। हालसम्म सिरहा, सप्तरी, उदयपुर, भोजपुर, संखुवासभा, धादिँग, गोरखा, लम्जुंग, तनहु र जुम्ला गरी जम्मा १० वटा जिल्लाहरुमा कार्यक्रम सञ्चालन गर्दै आएको समग्रले अब पूर्वी तथा मध्य तराईका १० जिल्ला सहित जम्मा २५ वटा जिल्लाहरुमा कार्यक्रम बिस्तार गर्ने योजना बनाएको छ ।

## समग्रको केन्द्रीय क्षमता अभिवृद्धि तालिम सम्पन्न

समग्रको ५ दिने केन्द्रीय स्तरको क्षमता अभिवृद्धि तालिम सम्पन्न भयो । सामाजिक परिवारका प्रतिनिधि, जिल्ला सामाजिक परिवारका प्रतिनिधि, क्षेत्र तथा जिल्लाका समग्रका कर्मचारीहरु तथा कार्यसमितिका सदस्य सहित ३०

---

[1] यसमा प्रकाशित सामग्रीहरुमा डानिडा-हुगोको सहमति हुनु अनिवार्य छैन ।

जनाको सहभागिता रहेको यो तालिम २०६६ साल श्रावण २ गतेदेखि ६ गतेसम्म काभ्रेको वुडोलस्थित ग्रामीण तालिम केन्द्रमा सञ्चालन भएको थियो ।




समग्रको ५ वर्षे तयनीतिक तथा कार्यसञ्चालन योजना र १ वर्षे कार्ययोजनाको उद्देश्य, प्रतिफल र क्रियाकलापहरुको संवन्धमा कर्मचारी तथा सामाजिक परिवार प्रतिनिधि / स्वयंसेवकहरुलाई छर्लङ्ग वनाई कार्यन्वयनमा परिचालन गर्ने र कार्यन्वयनको लागि आवश्यक केही विषयगत ज्ञान समेत दिने उद्देश्यले आयोजित यस तालिममा निम्न विषयहरु समावेश थिए:

१) मानव अधिकारको आधारभूत जानाकारी तथा मानव अधिकार अनुगमन
२) द्वन्द्व व्यवस्थापन र स्थानीय शान्ती समिति
३) सामाजिक परिवारको अवधारणा र संचालन प्रकृया
४) अधिकारमुखी विकासको अवधारणा
५) प्रमुख सरोकारवालाहरुको सशक्तिकरणको लागि वकालतका विधि र तौरतरीका, सामाजिक लेखाजोखा,



६) समग्रको ५ वर्षे साझेदारी तयनीतिक योजना र १ वर्षे कार्ययोजनाको उद्देश्य, प्रतिफल र क्रियाकलापहरु ।

सम्बन्धित विषयका विशेषज्ञहरु मुकुन्द कट्टेल (डानिडा हुगो), . कृष्ण प्रसाद पाठक ( श्रोत व्यक्ति), मिलन श्रेष्ठ (श्रोत व्यक्ति) र सोमत घिमीरे (श्रोत व्यक्ति ) तथा समग्रका डोरनाथ न्यौपाने , प्रेमराज ढुंगेल र अमर सिंह अधिकारीले तालिम प्रदान / सहजिकरण गर्नु भएको थियो । समग्र बिकास सेवा केन्द्रका अध्यक्ष बालकृष्ण लाल जोशीद्वारा पानसमा बत्ती बालेर उद्घाटन तथा सहभागीहरुलाई प्रमाण-पत्र वितरण गरी समापन गरिएको थियो भने यी दुवै समारोहहरुमा समग्रका पदाधिकारीहरु लगायत विभिन्न व्यक्तित्वहरुको सहभागीता थियो ।

## कहाँ छन् त सामाजिक परिवारहरु र के भन्छन् ?

समग्रले काम गर्दै आएका जिल्लाहरुको दुर्गम गाउँ / टोलहरुमा बसोबास गर्ने सिमान्तकृत समुदाहरु जो ससाना छाप्रा-झुप्रामा आफ्नै मौलिकतामा बसेर बाँचेका छन्, तिनीहरुलाई सबै पक्षबाट मौकाबिहिन तुल्याइएको छ । हो ती छाप्रा-झुप्राभित्रका मानवहरु संगठित भई आफ्नो र बालबच्चाहरुको भविष्य खोजीका लागि संगठित भएका छन् - एउटा घर परिवार जस्तै उनीहरुको संगठनलाई उनीहरु सामाजिक परिवार भन्दछन् । उनीहरुले संगठनमा आफ्ना सुख-दुःख बाँड्ने चलन बाँधेका छन् । बिरामी, सुत्केरी, मृत्यु, दैविप्रकोपका बेलामा पर्ने समस्या टार्न उनीहरु एकअर्कालाई सघाउँछन् । सुखमा सहभागी हुने र आफूले सिकेको कुरा आफ्ना सामाजिक परिवारका सदस्यहरुलाई सिकाउने गर्छन् उनीहरु ।
उनीहरुसँग भेटघाट हुँदा भन्ने गर्छन्, "पहाडका दुर्गम गाउँ र तराई-मधेसका दक्षिणतिर बसोबास गर्ने हामी सिमारक्षकका लागि काम गर्न भनी कुनै संघसंस्थाले आफ्नो कृयाकलाप बनाएको छ भने हाम्रो सामाजिक परिवारमा काम गर्न आह्वान गरेको छ भनिदिनुहोला । साँच्चै गाउँका हामी जस्ता मानिसहरुलाई सकारात्मक सेवा, सहयोग, सद्भाव, अधिकार, मानवताको उन्नति आदिमा काम गर्नेलाई हामी सँधै स्वागत गर्दछौं भनी दिनुहोला ।"
"खाली लैवरीलै गर्ने हो भने भो परेन, लैवरिलै त धेरै भएन र ? "

## श्रावण महिनाभरी सञ्चालित/सम्पन्न केही गतिविधिहरु:



१. **जनशक्ति पदपुर्तिको लागि दरखास्त आव्हान तथा योग्य उम्मेदवारहरुको सूचिकृत:** यस संस्थाको केन्द्रीय कार्यालयमा रिक्त रहन गएको म्यासेन्जर -१ र लेखा अधिकृत -१ को पदपुर्तिको लागि जनशक्ति छनौट समितिको निर्णय अनुसार राष्ट्रिय दैनिक अन्नपूर्ण पोष्टमा दरखास्त आव्हानको विज्ञापन प्रकाशित गरियो । दुवै पदका लागि प्राप्त हुन आएको दरखास्त उपर छानविन गरी म्यासेन्जरको लागि ८ जना र लेखा अधिकृतको लागि ३ जनाको सूचिकृत गरी भाद्र २ गते सञ्चालन हुने छनौट परिक्षामा सामेल गराउने व्यवस्था गरिएको छ ।
२. यस संस्थाको कार्य समितिको नियमित वैठक ६ गते चेतना तालिम केन्द्र, वुडोल काभ्रेमा सम्पन्न भयो ।

३. डानिडा हुगोले २८ गते मल्ल होटेल, काठमाण्डौमा आयोजना गरेको साझेदारी संस्थाहरुबीचको अन्तरकृया बैठकमा संस्थाको तर्फबाट अध्यक्ष, सचिव तथा कार्यक्रम व्यवस्थापक सहभागी हुनुभयो ।



४. थाके गाविस, धादिँगमा रहेको सा.प.को पहलमा १३ गते मानवअधिकार संजालको अभिमुखीकरण कार्यक्रम सम्पन्न । १३ जना महिला र २ जना पुरुषको उपस्थिति ।

५. जिल्ला विकास समिति धादिङको आयोजनामा श्रावण २५ देखि २७ सम्म संचालित जिल्लास्थित विभिन्न संघ संस्थाको वार्षिक कार्यक्रम समिक्षा गोष्ठिमा समग्रले सम्पन्न गरेको कार्यक्रम विवरणसहित प्रस्तुत । श्रावण ३२ गते गैसस परिषदमा समेत सहभागि बनी समग्रको क्रियाकलाप सम्बन्धि जानाकारी ।

६. २८ गते - मानवअधिकार क्षेत्रमा संस्थाको पहिचान वृद्धिका लागि गोरखामा सम्पन्न मानवअधिकारवादी संघ संस्थाको भेलाले मानवअधिकार संजाल गोरखाको गठन । उक्त संजालमा समग्रको तर्फबाट व.उत्पेरक भरतप्रसाद श्रेष्ठ सदस्य निर्वाचित ।

**७. यस महिनामा सामाजिक परिवारको सक्रियतामा दावी गरी प्राप्त भएका अधिकार/श्रोतहरुः**

| विवरण | धादिँग | गोरखा | लम्जुँग | सप्तरी | सिराहा | उदयपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| व्यक्तिगत घटना दर्ता | २ | ३ | ६ | ४९ | ७ | - | ६३ |
| नागरिकता प्र.प. प्राप्ती | ४ | ४ | ४ | २१ | - | ४ | २५ |
| विद्यालय भर्ना हुने / जान थाल्ने बच्चाको संख्या | १० | ३६ | | | | | ४६ |
| छात्रबृति पाउने बच्चाको संख्या | - | ११ | - | - | ३६७ | ३ | ३८१ |
| प्रौढ / बाल शिक्षा | - | - | - | ४४ | - | - | ४४ |
| बृद्ध, असहाय, विधवा भत्ता पाउने | २ | १ | २ | २०३ | २३ | ८ | २३९ |
| नेतृत्व तहमा पुग्ने | - | - | - | - | २ | २ | ४ |
| शीपमूलक तालिम प्राप्त गर्नेको संख्या | ६ | ३ | २८ | १३५ | | | १७२ (रु ३४०,००० बराबरको) |
| पूर्वाधार निर्माण/सुधार र वातावरण सम्बन्धि कार्यको लागि (रकम रु मा) | ६०,००० | १६५,००० | | ७०,००० | २२८,५०० | ३१०,००० | ८३३,५०० |
| सामाजिक परिवार(सा.प.)को सरकारी निकाय र नागरिक समाजका प्रतिनिधिहरुसँग अन्तरक्रिया | | | २ | | | | २ |
| सा.प.मा मानव अधिकार सम्बन्धि तालिम लिनेको संख्या | २ | | | | | | २ |
| सहकारी लेखा व्यवस्थापन तालिम लिनेको संख्या | | ३ | | | | | ३ |
| जीविकोपार्जन /जीवनस्तर बृद्धिसँग सम्बन्धित सामग्री प्राप्त गरी लाभान्वित हुनेको संख्या | | | | | २२ | ७० | ९२ (रु ५९,००० बराबरको) |

सम्पर्कको लागि ठेगानाः

**समग्र विकास सेवा केन्द्र**, हस्पिटल मार्ग, चावहिल, पो.व. नं. - १३२७८, काठमाण्डौ,

फोन नं. ४४६९६४९, इमेलः **samagra@mcmail.com.np**, वेभसाइटः **www.samagra-nepal.org**